# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं फागुन ७ गते २०३६ साल [ अतिरिक्ताङ्क ५९ + (ख)


# शाही सन्देश

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. २००७ साल आजकै दिनमा प्रजातन्त्रप्रेमी नेपाली सबैको संयुक्त प्रयासले हाम्रो देशमा प्रजातन्त्रको स्थापनाद्वारा एक नयाँ युगको सूत्रपात भएको थियो । त्यसैले आजको ऐतिहासिक दिनमा हाम्रा पूज्य जिज्यू बुवाज्यू श्री ५ त्रिभुवनका साथै देशका लागि आफ्नो जीवन बलिदान गर्ने शहीदहरूको सम्झना गर्दै ती अमर आत्माहरूप्रति श्रद्धान्जलि अर्पण गर्नु हामी सबैको कर्तव्य ठान्छौं ।

२. हाम्रो देशमा प्रजातान्त्रिक विकासको थालनी भएको करीब तीन दशकको अवधि-भित्र हाम्रो समाजले विभिन्न घुम्तीहरू पार गर्दै महत्वपूर्ण उपलब्धिहरू अवश्यमेव हासिल गरेको छ । यसै क्रममा स्वर्गीय बुवाज्यूबाट मूलभूत प्रजातान्त्रिक मान्यताहरूलाई कायम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२४२

राखिबक्सँदै नेपाली समाजको आफ्नो विशेषता र वास्तविकतामा आधारित दलविहीन पञ्चायती प्रजातन्त्रको थालनी गरिबक्सेको थियो । विगत १९ वर्षसम्म राष्ट्रनिर्माणको विभिन्न पक्षमा निर्वाध रूपले विकास गर्दै राष्ट्रियताको जगेर्ना गर्ने कार्यमा यो व्यवस्था सफल रह्यो। समयको अन्तरालमा तीव्र गतिले बदलिएकेको अन्तर्राष्ट्रिय र राष्ट्रिय परिस्थिति-हरूको सन्दर्भमा यस व्यवस्थाको औचित्यबारे केही प्रश्नहरू उठ्न थालेकोले देशको प्रजा-तान्त्रिक परंपरा अनुरूप लोकसम्मति बुझ्नु पर्ने आवश्यकता महसूस गरी जनमत संग्रहको घोषणा गरिएको हो ।

३. नेपालमा प्रजातान्त्रिक विकासको बाटोमा कुनै अवरोध नआई देशमा शान्ति, स्थिरता र राष्ट्रिय एकतासमेत कायम रही वास्तविक लोकसम्मति अनुसार नै देशले आफ्नो बाटो निर्धारित गरोस् भन्ने उद्देश्यले पौष १ गते नेपाली जनतासमक्ष राष्ट्रिय महत्वका ज्वलन्त प्रश्नहरू राखिएका हुन् । वर्तमान स्थितिमा पनि हाम्रो देशका सामु ठूलो हाँक र जटिल समस्याहरू यथावत् छन् । प्रजातन्त्र एक राजनैतिक परिपाटी मात्र नभई समाजमा प्रकट हुने मानिसको व्यवहार पनि हो। एकले अर्काको अस्तित्वलाई मानेर पारस्परिक मान्यता र कदर-विना प्रजातन्त्र फष्टाउन सक्तैन । नत, मानिस-मानिसका बीचको फराकिलो असमानता र भेदभाव रहुञ्जेल नै सच्चा प्रजातन्त्रको प्राप्ति हुन सक्छ । प्रजातन्त्रको आदर्शविना समाजको कल्याण हुन सक्तैन भन्ने कुरामा हामी सधैं दृढ आस्था राख्छौं, तर प्रजातन्त्रको स्वरूप विभिन्न देशहरूमा भिन्ना भिन्नै देखिएकाले हाम्रो देशलाई सुहाउने प्रजातन्त्र कस्तो हुनुपर्छ, कुन किसिमको प्रजातन्त्रले देशमा शान्ति, स्थिरता र अमनचैन राख्न सक्तछ र हामी कसरी कुनै पनि बाहिरिया शक्तिप्रति परामुखी नबनी देशभित्रै जनमुखी हुन सक्छौं—यी गम्भीर चिन्ताका विषय हुन् । यस परिप्रेक्षमा के गर्नाले प्रजातन्त्र हाम्रो देशमा वास्तविक रूपमा दिगो, दरिलो हुनसक्छ र प्रजातन्त्रको व्यावहारिक अभ्यासबाट हाम्रो देशको इतिहास अविच्छिन्न गतिले बढ्दै नेपाल र नेपालीलाई हामीले सुरक्षित राख्न सक्छौं, यसैमा सबैको ध्यान जानु यस घडीको परम आवश्यकता हो ।

४. हामीले वर्तमान अन्तर्राष्ट्रिय स्थितिलाई पनि बिर्सिन सक्तैनौं। मध्यपूर्वबाट शुरू भएर शीतयुद्धको कालो छायाँ हाम्रा छरछिमेकका देशहरूतर्फ फैलिंदै आउन थालेको कुरा स्पष्ट हुँदैछ । हातहतियारको होडबाजी र बाहिरी हस्तक्षेपको प्रवृत्तिले हाम्रो यस महाद्वीपको पूर्वी र पश्चिमी भेगमासमेत स्थितिलाई चर्को तुल्याउँदै ल्याएको छ । अर्कोतिर, इन्धनको सङ्कट, उर्लंदो महंगी आदि अनेक समस्याले देशवासीको सामान्य जीवन दुष्कर हुँदै गएको छ। यस चुनौतीपूर्ण स्थितिमा देशभित्र शान्तिपूर्ण विकासको निम्ति व्यापक एकता, संयम, विवेक, साहस र न्यायपूर्ण व्यवहारको आवश्यकता निक्कै खट्किंदो छ ।

५. मुलुकभित्रका वर्तमान आवश्यकताहरू यी हुन् भने संसारका अन्य मित्रराष्ट्रहरूसँगको परस्परको व्यवहारमा एक मात्र आधार शान्तिपूर्ण सह-अस्तित्व हुनुपर्छ भन्ने कुरामा हामी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८५

अहिले पनि अडिग नै छौं। आन्तरिक शान्तिविना नेपालको विकास सम्भव नहुने कुरा स्वतः सिद्ध छ। साथै असंलग्नता, पारस्परिक समझदारी र सहयोगको भावनाद्वारा नै विश्वशान्तिमा बल पुऱ्याई शक्तिसम्पन्न राष्ट्रहरूको प्रतिस्पर्धाबाट हाम्रो मुलुकलाई टाढै राख्न सहयोग पुग्ने हुनाले नै नेपाललाई शान्तिक्षेत्र बनाउने आकाँक्षा राखिएको हो। वर्तमान स्थितिमा यस विषयको सामयिक औचित्य र महत्व अझ बढी स्पष्ट हुँदै आएकोले यसलाई सघाउ पुऱ्याउन हामी सबैबाट अथक प्रयास हुनु नितान्त आवश्यक छ।

अन्तमा, श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसको यस राष्ट्रिय अवसरमा हाम्रा वीर पुर्खा र अमर शहीदहरूबाट प्रेरणा लिएर देशको स्वतन्त्रताको रक्षा गर्दै नेपालमा एक न्यायपूर्ण समाजको स्थापना गर्न हामी समस्त देशवासी अग्रसर होऔं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

५४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।